# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत




अव्यक्त प्रेम र वास्तविक जीवनको कथा "पेन्सन पट्टा" (पृष्ठ ३ मा)

✤ वर्ष ६ ✤ अंक ३ ✤ २०८३ साउन २० गते बुधबार ✤ Wednesday, 5 Aug, 2026 ✤ मूल्य रु. १०।- ✤ पृष्ठ ६ ✤ (Website : www.newsprabah.com)

## गाउँ उक्लिँदै भौतिक विकास

## कयर खोलामा पुल बन्दा बर्खेयात्रा सहज

**- बबिलाल तामाङ**

शक्तिखोर। वर्खा लागेपछि हरेक वर्ष कयर खोलाले विभिन्न प्रकारको क्षति पुऱ्याउँदै आएको छ। सिद्धि क्षेत्रबाट तीन धार भएर बग्दै आउने यो खोलाले वर्षेनि मानवीय क्षतिसमेत पुऱ्याउँदै आएको छ। विशेष गरी तीन दोभानबाट पाइमाराङ खोलाको बाटो भएर यात्रा गर्ने स्थानीय बढी प्रभावित छन्।

तर, आगामी वर्षदेखि सिद्धिवासीले त्यति ठूलो समस्या झेल्न नपर्ने सङ्केत देखिएको छ। तीन दोभानमा पक्की पुल निर्माणको अन्तिम चरणमा रहेको हुँदा सिद्धिवासीमा थोरै भए पनि राहतको आभाष मिलेको छ।



कालिका नगरपालिकाको चार करोड ३८ लाख ६७ हजार ८५५ रुपैयाँ लागतमा पक्की पुल बनेपछि वर्खे यात्रामा पनि केही सहज हुने देखिएको हो।

निर्माण कम्पनीले बताएअनुसार डेढ वर्षमा निर्माण सम्पन्न गर्नेगरी सम्झौता भएको पुलको काम अबको दुई महिनाभित्र सम्पन्न हुनेछ। 'सम्झौताअनुसार आउँदो पुस मसान्तसम्म म्याद छ,' निर्माण कम्पनीका सुपरभाइजर एवम् सव इन्जिनियर जागेश्वरप्रसाद साहले भने, 'तर, हामी यो सबै काम दसैँअघि नै सक्छौँ।' जम्मा ४० मिटर लम्बाइ रहेको पुलको स्पान निर्माणको काम सकिएको हुँदा सानोतिनो काममात्रै बाँकी रहेको उनको भनाइ छ।

'अब छेउछाउको काम मात्रै बाँकी रह्यो,' उनले भने, 'मुख्य काम नै सम्पन्न भइसकेको हुँदा स्पानको अगाडि पछाडिको भागमा ग्राभेल फिलिङ गरेपछि सवारी हिँडाउन मिलिहाल्छ।'

यति हुँदाहुँदै पनि कालिका नगरपालिका वडा नं.१० का नागरिकलाई वर्खे यात्रामा पूर्ण राहत भने मिल्ने छैन। किनकि तीन दोभानबाट पाइमाराङ खोलाको किनारैकिनार यात्रा गर्नुपर्ने स्थानीयले अझै पनि ठाउँठाउँमा जङ्घार तर्नुपर्ने बाध्यता छ। त्यसकारण एउटा पुलले मात्रै सिद्धिवासीको यात्रामा देखिएको समस्या समाधान नहुने कालिका नगरपालिका वडा नं.१० नान्दरका यमप्रसाद चेपाङ बताउँछन्।

सामान्य नुनतेलको लागि सिद्धि बजार झर्दा अहिल्यै पनि ठाउँठाउँमा खोला तर्नुपर्ने भएकोले यात्रा सहज नभएको उनी बताउँछन्। 'शक्तिखोर बजारबाट सडक निर्माण, स्तरोन्नति र पुल पुलेसा निर्माणको काम बिस्तारै माथि उक्लिएको छ,' उनले भने, 'तीन दोभानभन्दा माथि पनि समय आएपछि सडक पनि राम्रै बन्ला। आवश्यक पर्ने ठाउँमा पुल पुलेसा पनि बन्ला।'

(बाँकी ५ पेजमा)

## महाबौद्ध संघ-नेपालको 'हिमालयन बौद्ध मृत्यु संस्कार प्रश्नोत्तर'

**- बिना तामाङ**

भरतपुर। महाबौद्ध संघ-नेपालले भरतपुर महानगरपालिका-१७, रामपुरमा 'हिमालयन बौद्ध मृत्यु संस्कार प्रश्नोत्तर तथा वृहत् सामाजिक एकता अभियान-२०८३'




सम्पन्न भएको छ।

आइतबार आयोजित कार्यक्रममा भरतपुर महानगरपालिका-२०, चन्द्रनगरकी ९९ वर्षीया आशमाया तामाङ प्रमुख अतिथि रहेकी थिइन् भने नेपाल तामाङ लामा घेदुङका केन्द्रीय अध्यक्ष तथा धर्मगुरु पाल्देन लामा प्रमुख वक्ताका रूपमा सहभागी भएका थिए।

प्रमुख अतिथि तामाङ र धर्मगुरु लामाले संयुक्त रूपमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए।

कार्यक्रममा धर्मगुरु पाल्देन लामाले हिमालयन बौद्ध मृत्यु संस्कारको धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्वबारे विस्तृत प्रवचन दिए। उनले मृत्यु संस्कारसँग सम्बन्धित सहभागीहरूले उठाएका विभिन्न जिज्ञासा र प्रश्नहरूको धार्मिक आधारसहित स्पष्ट तथा विस्तृत जवाफ दिएका थिए।

सो अवसरमा धर्मगुरु पाल्देन लामालाई विभिन्न संघ-संस्था, सामाजिक अगुवा तथा स्थानीय समुदायका प्रतिनिधिहरूले स्वागत तथा सम्मान गरेका थिए।

(बाँकी ५ पेजमा)

## स्कुल पढदै गर्दा लाहुर गएका थिए निर्मल पुर्जा

**- मेकना तामाङ**

भरतपुर। कीर्तिमानी पर्वतारोही




निर्मल पुर्जा 'निम्स दाइ'को निधनले यतिबेला चितवनको भरतपुर-१, रामनगरस्थित घर शोकमग्न बनेको छ। पाकिस्तानको 'ब्रोड पिक'मा गएको हिमपहिरोमा परेर जीवन गुमाएका उनी साहस, सङ्घर्ष र सफलताको प्रतीक मानिन्थे। घरमा उनका तस्बिरमा माल्यार्पण, दीप प्रज्वलन र श्रद्धाञ्जली अर्पण गरिएको छ। आफन्त र छिमेकीहरू भावुक हुँदै उनको बाल्यकाल र साहसिक जीवनको स्मरण गरिरहेका छन्।

निर्मलका माइलो दाइ जीतबहादुर पुर्जा पुनले भाइको अन्तिम यात्रा सम्झिँदै आँसु झारे। उनले भने, 'पहिले हिमाल चढ्दा घरमा धुपबत्ती बाल्देऊ है भन्थ्यो, तर पाकिस्तान जाने बेला केही नभनी

(बाँकी ५ पेजमा)

## नेफिन खैरहनीमा दोहोरिए पुन

पर्सा। नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) खैरहनी समितिमा पुन हरि पुन दोहोरिएका छन्। आइतबार सम्पन्न दोस्रो अधिवेशनमा पुनको नेतृत्वमा नयाँ समिति गठन गरिएको हो।

समितिको उपाध्यक्षमा यम-बहादुर श्रेष्ठ, विष्णुबहादुर कुमाल, काली थरुनी र सोविता थापामगर चयन भएका छन्।

सचिवमा प्रेमनारायण जोशी, सहसचिवमा डिलमाया गुरूङ, लोकबहादुर आलेमगर, सविता भुजेल, मङ्गलीमाया तामाङ र कोषाध्यक्षमा प्रेमलाल दरै चयन भएका निर्वाचन समितिका संयोजक एवम् नेफिन चितवनका



उपाध्यक्ष राजकुमार श्रेष्ठले बताए। उनका अनुसार हाल ११ सदस्यीय पदाधिकारी चयन गरिए पनि कार्यसमिति सदस्यहरुमा भने आदिवासी जनजाति महासंघअन्तर्गत रहेका १६ वटा जातीय संघसंस्थाबाट मनोनयन गरिने छ।

(बाँकी ५ पेजमा)





## भू-संरक्षणमा ध्यान दिऔं

- ✤ भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- ✤ भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- ✤ भू-क्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- ✤ बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन् नगरौं,
- ✤ भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं
- ✤ वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- ✤ भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

# मानव बेचबिखन अन्त्य गरौँ

हरेक वर्ष जुलाई ३० मा अन्तर्राष्ट्रिय मानव बेचबिखनविरुद्धको दिवस मनाइन्छ। यसवर्षको नारा 'मानव बेचबिखन सङ्गठित अपराध हो, शोषण अन्त्य गर' केवल औपचारिक उद्घोष होइन, हाम्रो समाजको गहिरो पीडा र चुनौतीलाई प्रतिबिम्बित गर्ने चेतावनी हो। नेपालमा विसं २०६४ सालदेखि यो दिवस मनाउन थालिएको भए पनि तथ्याङ्कले देखाउँछ कि समस्या अझै विकराल छ। नेपालमा हरेक वर्ष करिब ३५ हजार महिला तथा बालबालिका बेचबिखनमा पर्ने तथ्याङ्कले हाम्रो सामाजिक संरचनाको असुरक्षा र राज्यको कमजोरी उजागर गर्छ। राष्ट्रिय मानवअधिकार आयोगले गत वर्ष मात्र ३५ हजार महिला बेचबिखनमा परेको  र १५ लाख नागरिक जोखिममा रहेको प्रतिवेदन सार्वजनिक गरेको छ। यो संख्या केवल आँकडा होइन, प्रत्येक जीवनको अस्मिता, भविष्य र अधिकारसँग जोडिएको गम्भीर प्रश्न हो। मानव बेचबिखन केवल व्यक्तिगत पीडा होइन, राष्ट्रिय लज्जाको विषय हो। जबसम्म एक चेली दलालको चङ्गुलमा बेचिन्छिन्, तबसम्म हाम्रो लोकतन्त्र अधुरो रहन्छ। जबसम्म एक बालकको भविष्य अपराधीको हातमा बन्दी हुन्छ, तबसम्म हाम्रो संविधानको आत्मा अपमानित हुन्छ।

मानव बेचबिखनको सञ्जाल अब भारतका वेश्यालयमा मात्र सीमित छैन। वैदेशिक रोजगारीको प्रलोभन देखाएर खाडी मुलुक, अफ्रिका र दक्षिण–पूर्वी एसियासम्म नेपाली चेलीहरू बेचिन पुगेका छन्। सन् २०२१ मा कम्बोडिया पुगेका नेपालीको संख्या १०१ थियो भने सन् २०२५ सम्ममा यो संख्या ९ हजार ६७६ पुगेको तथ्यले समस्या कति तीव्र गतिमा बढिरहेको छ भन्ने देखाउँछ। यस अपराधको मूल कारण बेरोजगारी, गरिबी र अवसरको अभाव हो। तर, विडम्बना के छ भने, पढेलेखेका युवतीसमेत आर्थिक प्रलोभनमा परेर दलालको चङ्गुलमा फसिरहेका छन्। यसले स्पष्ट गर्छ कि चेतना मात्र पर्याप्त छैन; राज्यले रोजगारी सिर्जना, सीप विकास र सुरक्षित वैदेशिक रोजगारको ग्यारेन्टी गर्नैपर्छ। मानव बेचबिखनविरुद्ध कानुनी व्यवस्था छ– मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४; नियमावली, २०६५; संविधानको दासत्व निषेध प्रावधान। तर, कानुन कागजमा मात्र सीमित हुँदा अपराधीहरू दण्डहीनताको संस्कृतिमा पलाइरहेका छन्। २० वर्ष जेल सजाय र जरिवानाको प्रावधान भए पनि ठोस कार्यान्वयन नहुँदा अपराधीहरू निडर बनेका छन्।

नेपालमा माइती नेपाल, केआई नेपाल, श्री एन्जल्स नेपाल, शक्ति समूहजस्ता संस्थाले हजारौँ चेलीबेटीलाई उद्धार गर्दै आएका छन्। तर, उद्धार मात्र समाधान होइन। दीर्घकालीन समाधानका लागि स्थानीय तहदेखि संघीय सरकारसम्म समन्वय र साझा अभियान आवश्यक छ। विद्यालय, आमा समूह, टोलविकास समिति, सहकारीमार्फत कानुनी जानकारी र चेतना फैलाउनुपर्छ। महिलालाई सीपमूलक तालिम, आर्थिक उपार्जनका अवसर, सुरक्षित रोजगारीका विकल्प उपलब्ध गराउनुपर्छ। मानव बेचबिखन अन्त्य गर्नु केवल कानुनी दायित्व होइन, नैतिक जिम्मेवारी हो। हाम्रो समाजले चेलीबेटीलाई सम्मान, अवसर र सुरक्षा दिन सके मात्र हामी साँचो अर्थमा सभ्य राष्ट्र कहलिन सक्छौँ। मानव बेचबिखनविरुद्धको लडाइँ राज्य, समाज र नागरिकको साझा अभियान हो। कुनै पनि चेलीबेटी र बालबालिका कुनै पनि बहानामा कहिल्यै बेचिन नपरोस् भन्ने प्रतिज्ञा हामी सबैले गर्नुपर्छ। मानव बेचबिखनविरुद्धको दिवस मनाउने औपचारिकता होइन, राज्यले ठोस नीतिगत हस्तक्षेप, कानुनी कार्यान्वयन र सामाजिक चेतना अभियानलाई प्राथमिकता दिनुपर्छ। यस्तै, नागरिक समाज, सञ्चारमाध्यम र हरेक सचेत नागरिकले यो अपराधविरुद्ध सामूहिक आवाज उठाउनु जरूरी देखिन्छ।

# अपठ्यारो यात्रामा बालेन : यसरी घेरिँदैछन् बालेन्द्र



यतिबेला अति उन्मादको वायुपंखी घोडा चढेर बेलगाम रफ्तारमा प्रधानमन्त्री बालेन्द्र कुददै गरेको देखिन्छन्। उनको अब टेक्ने समाउने थलो नभेटिएर , त्यो घोडाले कहाँ लगेर पछार्ने हो , हेर्न बाँकी छ।

मान्छेको नियत राम्रो होला ! होला, यस मानेंमा कि यिनी म भन्दा पछिको पुस्ताका हुन् र नेपथ्यबाट अचानक राजनीतिको मंचमा नाटकीय ढंङ्गले देखा परेका व्यक्ति हुन्। सामाजिक संजालको प्रविधिमा पोख्त सारथीहरूको साथ नभएको भए शायद बालेनको घोडा यस्तरी कुदने थिएन।

बालेनको पहिलो काठमाण्डौं नगरपालिकाको चुनावताका म विदेशमा भएकोले मैले यथार्थ र अनुमान दुवैको साहारा लिएर यो भन्दछु कि, मान्छे मलाई गतिला लागे।

नगरसभाको कार्यक्रमहरू सबै प्रत्यक्ष प्रसारण गर्ने जुनकाम उनले गरे र हालको जुन स्वरूपमा काठमाण्डौं छ, त्यहाँसम्म पुर्याउनमा ठूलो योगदान छ उनको। प्रचलित क्रिकेटको भाषामा भन्नुपर्दा पहिलो ईनिङ्गमा यीनले सेन्चुरी हाने।

राजनीतिको दोश्रो ईनिंङ्गमा छक्का हान्ने प्रयासमा उनका थुप्रै क्याचहरू छुटे र भाग्यले अझै पीचमा डटेका छन्। नेपाल एक क्रिकेटप्रेमी देश भएकोले मैले यो एनालोजी प्रयोग गरेको हुँ।

बालेनमा एउटा ठूलो कमजोरी के देखियो भने त्यत्रो जनताको माया र साथ पाएर पनि यिनी किन मयधल तय भबचतज हुन नसकेका होलान् ? अहिले बालेन देशको प्रधानमन्त्री भएका छन्।

राजनीतिमा यो मान्छे घमण्डी छ भन्नु भनेको ठूलो गाली मानिन्छ। त्यसमाथि उनलाई मत दिएर जिताउनेहरू नै त्यत्रो कार्यपालिका प्रमुख व्यक्ति जनताको अघि देखा परेर सामान्य किसिमले हात मिलाउँदै, मुसुक्क हाँस्दै दरिलो जनसम्पर्क गर्न आवश्यकता नै नठान्नु पनि ठूलो अपमान ठान्न थालेका छन्।

दोश्रो कुरा कुटनीतिमा पनि यिनी कमजोर देखिए। कुनै पूर्वाधार विना यिनी बाघको जुंगा थुत्न अघिसरे। नेपालको सामू भारत एउटा अजंङ्गको बाघ हो,



**- सुशील नेपाल**

**समयको हस्ताक्षर**

त्यसलाई जिस्काउन ठूलै तयारी चाहिन्छ। लहडमा केटौले पाराले गुमेको भूभागको कुरा उठाएर उनले वुद्धिमानी गरेनन्। भारतलाई चिल्लो घसेर जुन काम गर्न सकिन्थो, त्यो गरेनन् बालेनले।

उसैको जुंगा तान्न सक्ने हैसियत हाम्रो छैन , यो कटु सत्य हो। भारत दक्षिणपूर्वमा लोकप्रिय छैन, त्यसलाई कुटनैतिक तवरले मात दिने कौशल बालेनले देखाऊनु पर्थ्यो।

फेरि,अर्को याद राख्नुपर्ने कुरा के छ भनें , नेपालको राजनीतिमा माफियातन्त्र हाबी भएको आज देखि होइन , त्यसको तार भार तसंग जोडिएको छ। एकचोटीको नेपाली सधैंको नेपाली भनें जस्तै एकचोटीको भारतीय सधैंको भारतीय ठान्ने नेपालमा धेरै छन्, खासगरी व्यापारीहरु। दौरा सुरूवाल लगाउँदैमा नेपाली त कहिएला तर नेपालीको आत्मा कहाँबाट ल्याउने ?

हामी अमेरिकामा बस्छौं , तर मन सधैं नेपालमै हुन्छ। नेपालको राजनैतिक सामाजिक र आर्थिक कुरामा हाम्रो बरोवर चासो हुन्छ, तेस्तै हो नेपालमा बसेर व्यापार गरेर बसेका भारतीय व्यापारीहरू पनि। तिनमा हात हाल्दा ठूलै तयारी हुनुपर्छ , नभए भारत रिसाउने कुरा त छदैछ , हाम्रो अर्थतन्त्रमा पनि ठूलो भूईचालो जानसक्छ।

भारत रिसाउनु भनेको विभिन्न बहानामा नेपाललाई दुःख दिनु हो। मलाई थाहा छ यस्मा बालेनको गल्ती छैन, तर भारतको कुटिलचालहरू बालेनेले बुझ्नु जरूरी छ। जसरी चेस खेलिन्छ , राजनीतिमा पनि चालहरू खुवै बुद्धि पुर्याएर चल्नुपर्छ।

बालेन घेरिनुको अर्को कारण उनले आफूलाई मधेससंग कनेक्ट गर्न चाहदैनन्। मधेस बालेनलाई अप्पन बेटा भन्छ, त्यसलाई बालेनले आफ्नो बल ठानेनन्। अनि परेको बेला उनलाई साथ कस्ले दिन्छ ? कोसंग गुहार माग्ने बालेनले ? नेपालको राष्ट्रियभाषा दुइटा छन् , नेपाली र मैथली। नेपालको दैनिकी कामकाजको भाषा मैथली हुनेगर्थ्यो भनेर भरखर धरानको एउटा पुस्तकमा एक प्राध्यापकले सविस्तार व्याख्खा गरेको पढेर मेरो भ्रमपनि हटेर गयो। किन बालेन मधेसबाट टाढिएर स्वयं घेरिन चाहन्छन् ?

भारतको सम्पर्कसूत्र घरका भेदी अमरेश बालेनकै पार्टीमा छिरेका छन्। अमरेश विभिषण हुन् बालेनको कमजोर नाभीको ज्ञान उनलाई छ।

हालको यो सम्प्रदायिक कुरा हामीले पहिले कहिले सुनेका या देखेका थिएनौं। यो आज बालेनको पालामा किन भइरहेछ ? छ यस्को कुनै अन्दाज ?

यो पनि माफियातन्त्रको एउटा कूचाल हो। बालेनले अलि समझदारी र कुटनीतिले चाल चल्नुपर्ने देख्छु। लाग्छ,उनी चारैतिरबाट घेरिदैछन्।

नेपालको हालको बस्तुस्थिति वालुवा छान्ने जाली जस्तै छ, यसमा भ्रष्ट्राचार र माफियातन्त्रका हजारौं छिद्रहरू छन्। एउटा टाल्यो, अर्को देखा पर्छ। कठिन बाटोमा एक्लै छामछाम छुमछुम गरेर हिंडनुभन्दा वुद्धि पुर्याएर कुटनीतिको माध्यमवाट मात्र नेपालका समस्याहरू समाधान गर्न सकिन्छ। म ठीक , अनि म मात्र ठीक भन्ने भ्रम जबसम्म रहन्छ , बालेनको घेरिनेक्रम जारी रहन्छ। यो यस्तो चक्रव्यूह हो, यसबाट सुरक्षित निस्कन निकै गार्हो देखिन्छ।

# एसइई र बिएलई परीक्षामा उत्कृष्टलाई बेसको सम्मान

भरतपुर। भरतपुर इङ्ग्लिस स्कुल्स सोसाइटी (बेस)ले २०८२ को एसइई र बिएलई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक र विद्यालयलाई सम्मान गरेको छ। बेसअन्तर्गतका ४४ विद्यालयहरुमध्ये उत्कृष्ट विद्यालय, चार जिपिए ल्याउने विद्यार्थी र विषयगत शिक्षकहरुलाई सम्मान गरिएको हो।

प्याब्सन बागमती प्रदेश सल्लाहकार टीकाराम चापागाईंको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा अभिभावक संघ भरतपुरका अध्यक्ष भोजराज न्यौपाने, कार्यक्रममा बागमती प्रदेश प्याब्सन प्रतिनिधि इन्दिरा कार्की, मेट्रो प्याब्सन भरतपुरका अध्यक्ष मीनराज बस्ताकोटी, बेसका सल्लाहकार लेखनाथ खनाल, पूर्वसल्लाहकारद्वय मोहन लामा र इन्द्रेश साह, प्याब्सन चितवनका सचिव दयानिधि अर्याल, प्याब्सन चितवनका उपाध्यक्ष शारदा ढकाल, अङ्कुरम् एकेडेमीका प्रधानाध्यापक सुमन पौडेल, हिसानका केन्द्रीय सदस्य प्रदीप अधिकारी, पोलार स्टारकी विद्यार्थी दीक्षा अर्याल तथा स्टेप बाइ स्टेप बोर्डिङ स्कुलका सविन सुवेदीलगायतले मन्तव्य राखेका थिए।

प्रमुखअतिथि चापागाईंले शिक्षकमा हुनुपर्ने महत्त्वपूर्ण गुण भनेको अरुको सफलतामा पनि खुसी हुन सक्ने भावना रहेको बताए। कार्यक्रममा एसइई परीक्षामा चार जिपिए ल्याउने वाल्मीकि शिक्षा सदनका अनुभव पौडेल र विप्लव गौतम, पोलार स्टार इङ्ग्लिस स्कुलका दीक्षा अर्याल र सेन्ड्रिका लामिछाने, अर्किड सेकेन्डरी स्कुलका अनुज बस्याल र असीम अधिकारी तथा स्टेप बाइ स्टेप इङ्ग्लिस स्कुलका सविन सुवेदीलाई सम्मान गरियो। यस्तै, एसईई २०८२ मा शतप्रतिशत नतिजा ल्याउने इच्छाकामनास्थित प्रगति पाठशालालाई सम्मान गरियो।

बिएलई परीक्षामा चार जिपिए ल्याउने अरोमा इङ्ग्लिस स्कुलका इशान रानाभाट, वाल्मीकि शिक्षा सदनका अन्वेषा अधिकारी, आयान त्रिपाठी र प्राञ्जली पराजुली, भृकुटी बोर्डिङ स्कुलकी रियाकुमारी गुप्ता तथा प्रगति पाठशाला, कुरिनटारकी स्तुति सिलवाललाई सम्मान गरियो। त्यस्तै, बिएलई परीक्षामा शतप्रतिशत नतिजा ल्याउने भरतपुरस्थित अङ्कुरम् एकेडेमी र कुरिनटारस्थित प्रगति पाठशालालाई सम्मान गरिएको थियो।

कार्यक्रममा अङ्ग्रेजी विषयमा ३.७९ औसत कुल अङ्कसहित प्रगति पाठशालाका शिक्षक सागर सिलवाल, नेपाली विषयमा औसत ३.२१ कुल अङ्कसहित शिक्षक सुदर्शन कट्टेल, अनिवार्य गणितमा औसत ३.१३ कुल अङ्कसहित अङ्कुरम् एकेडेमीका माधवप्रसाद पोखरेल र टेकनाथ पौडेल, विज्ञान विषयमा औसत ३.४ कुल अङ्कसहित ज्ञानदर्शन इङ्ग्लिस स्कुलका शिक्षक मनीष घिमिरे सम्मानित भए।

त्यसैगरी, सामाजिक अध्ययन विषयमा औसत कुल अङ्क ३.०६ सहित वाल्मीकि शिक्षा सदनका खिमप्रसाद काफ्ले र सुवास रेग्मी, अतिरिक्त गणित विषयमा औसत कुल अङ्क ३.२१ सहित अङ्कुरम् एकेडेमीका विनोद अधिकारी, जनसंख्या विषयमा कुल औसत ३.३९ अङ्कसहित अर्किड इङ्ग्लिस स्कुलका शिक्षक हरिराम रेग्मी अर्थशास्त्र विषयमा कुल औसत ३.१२ अङ्कसहित ग्लोरियस एकेडेमीका शिक्षक सुजन ढकाल, ऐच्छिक दोस्रो लेखा विषयमा कुल औसत ३.०६ अङ्कसहित मनशिक्षा मन्दिरका शिक्षक गौरवराज क्षेत्री र ऐच्छिक दोस्रो कम्प्युटर विषयमा कुल औसत ३.७८ अङ्कसहित अङ्कुरम् एकेडेमीका शिक्षक समीरचन्द्र कोइरालालाई सम्मान गरियो।

त्यस्तै, बिएलई परीक्षामा उत्कृष्ट नतिजा प्रदर्शन गर्ने विभिन्न विद्यालयका शिक्षकहरुलाई पनि सम्मान गरिएको छ। कार्यक्रममा अङ्ग्रेजीमा औसत प्राप्ताङ्क ३८.१२ सहित अङ्कुरम् एकेडेमीकी रीताकुमारी उपाध्याय, नेपालीमा औसत प्राप्ताङ्क ३६.८९ सहित अर्किड इङ्ग्लिस स्कुलका विना लम्साल, मञ्जु आचार्य र अञ्जु पौडेल, गणित विषयमा औसत प्राप्ताङ्क ३८.२० सहित अङ्कुरम् एकेडेमीका शिक्षक मेघराज सापकोटा (राजु) सम्मानपत्र र नगद पुरस्कारसहित सम्मानित भए।

त्यस्तै, अङ्कुरम् एकेडेमीकै शिक्षकहरु विज्ञान विषयमा ३४.७२ सहित दिपेश राई र सन्दीपकुमार चौधरी, सामाजिक अध्ययन विषयमा ३४.८९ अङ्कसहित अर्जुन ओझा तथा स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयमा ४१.७४ औसत अङ्कसहित दिपेश राई तथा स्टेप बाइ स्टेप इङ्ग्लिस स्कुलका शिक्षकहरु रमेश न्यौपाने, अमृता न्यौपाने र अमुल वाग्ले औसत अङ्क ३७.८३ सहित सम्मानित भए।

चेतप्रसाद सेढाईंको संयोजकत्वमा सम्पन्न कार्यक्रमको अध्यक्षता बेसका अध्यक्ष शिवबहादुर केसीले गरेका थिए। कार्यक्रममा बेसका उपाध्यक्ष विष्णुबहादुर बस्नेतले स्वागत मन्तव्य दिएका थिए। २० वर्षदेखि लगातार एउटै विद्यालयमा सहप्राचार्य र प्राचार्यको भूमिका निर्वाह गरेका नारायणी पब्लिक स्कुलका प्रधानाध्यापक वेदराज न्यौपानेलाई दीर्घसेवा पुरस्कारबाट सम्मान गरिएको थियो।

विज्ञापन गर्नु परेमा
सम्पर्क :
९८४५०६७४१४
९८०९२५८००६

# भरतपुर अस्पतालमा प्रसूति शय्याको अभाव

भरतपुर। भरतपुर अस्पतालमा प्रसूति शय्या अभाव हुँदा सुत्केरीपश्चातको सेवा 'म्याट्रेस' राखेर प्रदान गर्नु परेको छ। गत असार दोस्रो साताबाट आगामी भदौसम्म अस्पतालमा सुत्केरी सेवा लिनेको




उच्च चाप हुने गर्दछ। अस्पतालमा प्रसूतिसँग सम्बन्धित शय्याहरु १११ छन्। प्रसूति शल्यक्रियापछि राख्ने 'गाइने'को 'पोष्टअप' २३ शय्या, गाइने शय्या २३, जटिल गाइने १०, प्रसूतिपछि राख्ने 'पोष्टनेल' २३, प्रसूति भर्ना चार, प्रसूति 'वेटिङ' १५, प्रसूति 'एक्टिभ' पाँच, 'लेबर' तीन र 'बर्थिङ युनिट' पाँच शय्या छन्।

वरिष्ठ प्रसूति रोग विशेषज्ञ सहप्रध्यापक डा रामप्रसाद सापकोटाका अनुसार अस्पतालमा दैनिक ४० देखि ५० जनाको प्रसूति गराउने गरिएको छ। सुत्केरी हुनुअघि औषधि चलाउँदा शय्यामा राखेर मात्र चलाउने गरिएको छ। त्यसअघि पालो कुर्नका लागि भुइँमा 'म्याट्रेस'मा राख्न बाध्य भएको उनले बताए।

चितवनसहित छिमेकी जिल्लाका प्रसूति सेवा लिनेहरुको पहिलो रोजाइ भरतपुर अस्पताल हुने गर्दछ। अनुभवी नर्सिङ सेवासँगै विज्ञ चिकित्सक र बाल सघन उपचार कक्ष भएकाले प्रसूति गराउनेहरुको रोजाइ भरतपुर अस्पताल हुने गर्दछ।

अस्पतालका प्रवक्तासमेत रहेका उनी भन्छन्, 'अन्य मौसममा प्रसूति गराउन आउनेको संख्या कम हुने भएकाले सहजै शय्या पाउने भए पनि यो समयमा गाह्रो हुने गरेको छ।' यही समयका लागि मात्रै शय्या व्यवस्थापन गर्न कठिन हुने भएकाले गर्भवतीले सहज सुविधा पाउन गाह्रो भएको उनले बताए।

वरिष्ठ प्रसूति रोग विशेषज्ञ सापकोटाका अनुसार असोज, कात्तिक महिनामा दसैँ र तिहार जस्ता पर्व मनाउन घरबाहिर रहेकाहरु घरमा आउने गर्दछन्। सोही समयमा गर्भ बसेकाहरुको यो समयमा सुत्केरी गर्दछ। सोही कारणले यो समयमा प्रसूति गराउनेहरुको संख्या बढेको हुन सक्ने जनाइएको छ।

अस्पतालमा १० जना विशेषज्ञ चिकित्सक र २९ जना नर्सिङ सेवाका तालिम प्राप्त कर्मचारी छन्। यसका कारण सुत्केरी गराउनेहरुलाई अन्यत्रभन्दा सहज हुने गरेको उनको भनाइ छ। अस्पतालमा नै २० शय्याको बाल सघन उपचार कक्ष र चार शय्याको 'कङ्गारु मदर केयर' पनि रहेको छ। अस्पतालमा दक्ष 'नर्स' र 'मिड वाइफ'ले मात्र नजजात शिशु निकाल्न सहयोग गर्ने पाँच शय्याको बर्थिङ युनिट छ। प्रसूति सेवामा यस अस्पताललाई प्रसूति गृह पछिको व्यवस्थित र विश्वासिलो रुपमा लिने गरिन्छ।

प्रवक्ता डा सापकोटाले गत आर्थिक वर्षमा सात हजार ८५३ जनाले अस्पतालबाट प्रसूति सेवा लिएको जानकारी दिए। उनका अनुसार तीमध्ये चार हजार २३५ जनाको सामान्य स्तरबाट बच्चा निकालिएको हो भने तीन हजार ५४० जनाको शल्यक्रिया गरेर बच्चा निकालिएको हो। ७० जनाको 'भ्याकुम' र 'फोर्सएप' नामक उपकरण प्रयोग गरेर शिशु झिकिएको छ।

अघिल्लो आर्थिक वर्षमा आठ हजार ४२० जना आमाले भरतपुर अस्पतालमा प्रसूति सेवा लिएका थिए। ती मध्ये तीन हजार ८२५ जनाको शल्यक्रिया गरेर शिशु झिकिएको हो भने चार हजार ४०८ जनाको सामान्य तरिकाले बच्चा निकालिएको हो। १८७ जना आमाको उपकरण प्रयोग गरी सुत्केरी गराइएको थियो।

गत वर्ष ४५ प्रतिशतको शल्यक्रिया गर्नु परेको थियो भने अघिल्लो आर्थिक वर्षमा यो प्रतिशत ४५ दशमलब चार रहेको थियो। जटिल प्रकृतिका समेत धेरै हुने भएकाले शल्यक्रियाको प्रतिशत अस्पतालमा बढी हुने गरेको उनको भनाइ छ।

# 'एलपी ग्यासको अभाव छैन'

भरतपुर। जिल्ला प्रशासन कार्यालय चितवनले जिल्लामा एलपी ग्यासको आपूर्ति नियमित रहेको स्पष्ट पार्दै आवश्यकताभन्दा बढी ग्यास सिलिन्डर सञ्चय नगर्न उपभोक्तालाई आग्रह गरेको छ।

सार्वजनिक सूचना जारी गर्दै प्रशासनले ग्यास उद्योग तथा आधिकारिक बिक्रेतासँगको समन्वयपछि चितवनमा विगतझैँ नियमितरूपमा एलपी ग्यास आपूर्ति भइरहेको जनाएको हो। प्रशासनका अनुसार बजारमा देखिएको अभाव मुख्यतः उपभोक्ताले आवश्यकताभन्दा बढी ग्यास सञ्चय गर्ने प्रवृत्तिका कारण हुन सक्ने देखिएको छ।

प्रशासनले ग्यासको आपूर्ति र वितरणको निरन्तर अनुगमन भइरहेको जानकारी दिँदै कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने वा वितरणमा अनियमितता गर्ने व्यक्ति तथा व्यवसायीमाथि कानुनअनुसार कारबाही गरिने चेतावनी दिएको छ।

यस्तै, नेपाल आयल निगमसँग चितवनका लागि थप ग्यास कोटा उपलब्ध गराउन अनुरोध गरिएको र आवश्यक परिमाणमा ग्यास उपलब्ध गराइने मौखिक आश्वासन प्राप्त भएको पनि प्रशासनले जनाएको छ।

प्रशासनले एकल महिला, ज्येष्ठ नागरिक, होस्टेलमा बस्ने विद्यार्थी, अपाङ्गता भएका व्यक्ति तथा आश्रममा आश्रित व्यक्तिले नियमित बिक्रेताबाट ग्यास प्राप्त गर्न समस्या भएमा जिल्ला प्रशासन कार्यालयको टोल-फ्री नम्बर १६६००५६५२००१ मा सम्पर्क गर्न आग्रह गरेको छ।

यद्यपि प्रशासनले आपूर्ति नियमित रहेको दाबी गरे पनि चितवनका विभिन्न क्षेत्रमा उपभोक्ताले एलपी ग्यास सहजरूपमा नपाएको गुनासो गरिरहेका छन्।

## स्वास्थ्य/खेलकुद



# उखुको जुस पिउँदा ध्यान दिनुपर्ने ७ कुरा

गर्मीका बेला हामी प्रायजसो उखुको रस पिउँछौं। यसले आँतलाई शितल बनाउँछ। यसका कयौं फाइदा छन्। गर्भवती महिलाका लागि यो उत्कृष्ट पेय हो। यति मात्रै नभई यो डिहाइड्रेसनबाट बचाउन र रामबाणसिद्ध हुन्छ। एनिमिया, क्यान्सरलगायतका रोगमा पनि उखुको रस लाभदायी हुन्छ। तर यसको अर्थ उखुको रस हरसमय फाइदाजनक हुन्छ भन्ने होइन। उखुको रस कहाँ पाइन्छ भन्ने कुराबाट पनि लाभ र हानी तय हुन्छ।

१. फोहोर पसल : तपाईं उखुको रसको सौखिन हुनुहुन्छ भने पाएसम्म पिउनुहुन्छ। तर फलफुल पसल र रस पेल्ने मेसिन कत्तिको सफा छ भन्नेमा पनि ध्यान दिनुपर्छ। पसलमा झिंगा भन्किइरहेको हुन सक्छ। त्यस्तो स्थानमा सकेसम्म जुस पिउनुहुन्न।

२. खराब उखु : सम्भव छ भने पेलेको उखु कत्तिको स्वस्थ छ भन्नेमा ध्यान दिनुपर्छ। सडेको उखुले स्वास्थ्यमा फाइदाको साटो हानी गर्न सक्छ। यस्तो उखुले पेटको समस्या पनि पैदा गर्न सक्छ। किरा लागेको उखुको जुस परेको छ भने बान्ताजस्ता समस्या निम्तन पनि सक्छन्।

३. फ्रिज गरेको जुस : उखुको रस ताजा पिउने हो भनेमात्र फाइदा हुन्छ। यदि फ्रिजमा राखेको जुस छ भने हानी हुन्छ। बासी जुसमा झिंगा पनि बसेको हुन सक्छ। किरा लागेको हुनसक्छ। यसले पसलबाट उखुको जुस खानुछ भने तत्काल पेलेको ताजा जुसमात्र पिउनुस्।

४. अन्य रसको मिश्रण : उखुको रसमा अन्य जुस मिलाइएको छ छैन भनेर याद गर्नुपर्छ। उखुको रसमा कुनै फल या तरकारी मिसाइएको हुनुहुन्न। कयौं पसलमा जुसका साथ पानी पनि मिसाइएको हुन्छ। यद्यपि पानी मिसाउनु त्यति हानिकारक होइन। तर स्वादमा भिन्नता आउँछ।

५. अधिकतम २ गिलासको जुस : उखुको रस स्वादिलो हुन्छ। पिउने हो भने जति पनि पिउन सकिन्छ। झट्ट हेर्दा यसबाट कुनै नोक्सानी हुदैंन। तर धेरै पिउनु गलत हो। विशेषज्ञका अनुसार एक दिनमा दुई गिलासभन्दा बढी उखुको रस मिसाउनुहुन्न। यदि जण्डिस छ भने मात्रा बढाउन सकिन्छ। धेरै उखुको रसले नोक्सानी पुऱ्याउन सक्छ।



६. संक्रमण हुने खतरा : सडकमा राखिएको मेसिनमा पेलेको रस पिउँदा संक्रमण हुने खतरा हुन्छ। किनभने त्यो फोहोर हुन्छ र धुलोमाटोयुक्त हुन्छ। यस्तो जुस पिउँदा पेटमा समस्या पनि हुन सक्छ।

७. मेसिनको तेल : उखुको रस पेल्ने मेसिन चलाउन प्रायजसो विशेष किसिमको तेल प्रयोग हुन्छ। यदि यस्तो तेल पेटमा गयो भने त्यसको नराम्रो असर पर्न सक्छ। मेसिनमा तेल प्रयोग कम गरिएको स्थानमा बनाइएको रसमात्र पिउने गर्नुपर्छ।

# सवारी दुर्घटनामा बढी युवा चालक

भरतपुर। सबैभन्दा बढी सवारी दुर्घटना गराउने चालकको उमेर २५ देखि ४० वर्ष समूहका रहेका छन्। बागमती प्रदेशमा भएका सवारी दुर्घटनामध्ये ती उमेर समूहका चालकका कारण हुने गरेको छ। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगरका अनुसार उपत्यकाबाहेक प्रदेशभित्र भएका एक हजार ९२४ दुर्घटनामध्ये ५४ प्रतिशत अर्थात् एक हजार ४२९ वटा दुर्घटना सो उमेर समूहका चालकले गराएका छन्।

यस्तै, २५ प्रतिशत अर्थात् ६७९ वटा दुर्घटना १६ देखि २५ वर्ष उमेर समूहका चालकले सवारी चलाउँदा भएको कार्यालयका प्रमुख प्रहरी उपरीक्षक डिल्लीनारायण पाण्डेले जानकारी दिए। उनका अनुसार ४० वर्षमाथिका सवारी चालकले २५ प्रतिशत दुर्घटना गराएका छन्। युवा पुस्तामा सवारी तीव्र गतिमा हाँक्ने जोस बढ्दा दुर्घटना गराउने चालक युवा पुस्ताका बढी भएका हुन्।

ती दुर्घटनामा परी ज्यान गुमाउनेको संख्या २५ वर्षभन्दा माथि उमेर समूहका धेरै रहेका छन्। सो उमेर समूहका २६७ जनाको मृत्यु भएको छ भने १६ देखि २५ वर्ष उमेर समूहका ५९, छदेखि १६ वर्ष उमेर समूहका सात र छ वर्षदेखि तलका उमेर समूहका सात जना रहेका छन्। घाइते हुनेको संख्या पनि सोही अनुपातमा रहेको उनले जानकारी दिए।

गत आर्थिक वर्षमा तीव्र गतिका कारण एक हजार ४१, चालकको लापरबाहीले २४०, यात्रुको गल्तीले १५४, मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा ११९ र यान्त्रिक गडबडीले १२१ वटा दुर्घटना भएका छन्। यस्तै, सडकको अवस्थाका कारण १०७ वटा 'ओभरटेक' गर्दा ७२, मौसमको खराबीले चौपायका कारण १०, ओभरलोड भएर आठ र अन्य कारणले ३८ वटा दुर्घटना भएको उनले जानकारी दिए। यस कार्यालयले काठमाडौं उपत्यकाबाहेक बागमती प्रदेशका १० जिल्ला हेर्दै आएको छ।

# हुन्डी कारोबारमा संलग्न एकजना पक्राउ

भरतपुर। झन्डै दुई अर्बबराबरको हुन्डी कारोबारमा संलग्न भएको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले धादिङ घर भई नागार्जुन नगरपालिका-८ बस्ने वर्ष ४९ को राजेन्द्रप्रसाद रिजाललाई सोही ठाउँस्थित राधाकृष्ण मन्दिर क्षेत्रबाट पक्राउ गरेको हो।

केही व्यक्तिले हुन्डी कारोबार गर्दै आएको भन्ने सूचनाको आधारमा त्यस्ता शङ्कास्पद व्यक्तिको बैंकिङ कारोबार विश्लेषण गर्दै जाने क्रममा उनलाई पक्राउ गरिएको ब्युरोका प्रहरी वरिष्ठ उपरीक्षक अनुपम शमशेर जबराले जानकारी दिए।

निजले अन्य व्यक्तिसँगको मिलेमतोमा व्यक्तिगत खाता प्रयोग गरी एक अर्ब उनानब्बे करोड पैसठ्ठी लाख ३९ हजार ४५४ रूपैयाँबराबरको रकम हुन्डीको माध्ममबाट कारोबार गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ।






# दुई वर्षमाथिका अझै ६६ मुद्दा फैसला हुन बाँकी

भरतपुर । चितवन जिल्ला अदालतमा दुई वर्षमाथिका ६६ वटा मुद्दा फैसला हुन बाँकी रहेका छन् ।

अदालतमा दर्ता भएका मुद्दामध्ये दुई हजार ५९० मुद्दा फैसला हुन बाँकी रहेकामा दुई वर्षमाथिका सो संख्यामा मुद्दा फैसला हुन बाँकी रहेका छन् ।



अदालतका सूचना अधिकारी अमृत विश्वकर्माका अनुसार गत आर्थिक वर्षमा अदालतमा तीन हजार ८४० मुद्दा दर्ता भएका थिए । आव २०८१-०८२ मा जिम्मेवारी सरी आएका एक हजार ८५९ वटा मुद्दासहित गत आवमा पाँच हजार ६९९ वटा मुद्दा रहेका थिए । सोमध्ये तीन हजार १०९ वटा फर्छ्योट भएका थिए ।

अहिले दर्ता भई फैसला हुन बाँकी रहेका मुद्दामा १८ महिनादेखि दुई वर्षसम्मका २३६, १२ महिनादेखि १८ महिनासम्मका ४५६, छ महिनादेखि १२ महिनासम्मका ५९२ र छ महिनाभित्रका एक हजार २४० वटा मुद्दा रहेका छन् ।

समग्रमा जिल्ला अदालतबाट ५४ दशमलव ५५ प्रतिशत मुद्दाको फैसला भएको छ ।

भदौ अन्तिम साता, असोज, कात्तिक र मङ्सिर महिना अदालतको कामकारबाही प्रभावित हुँदा गत वर्ष चितवन जिल्ला अदालतको मुद्दा फछ्र्यौटको अवस्था विगतका वर्षकोभन्दा कम भएको हो । पुराना मुद्दा फछ्र्यौटमा कमी मात्र नभई नयाँ मुद्दा दर्ता पनि कमी आएको सूचना अधिकारी विश्वकर्माले जानकारी दिए ।

चितवन जिल्ला अदालतमा गत आव २०८२-०८३ मा अनुमान गरेभन्दा कम मुद्दा दर्ता भएको छ । मुद्दा दर्ता संख्या कम हुँदा अदालतको मुद्दा फछ्र्यौट दर पनि अघिल्लो वर्षकोभन्दा केही घटेको छ ।


६५ प्रतिशत फछ्र्यौट लक्ष्य भएकामा जम्मा ५४.५५ प्रतिशत मात्र फछ्र्यौट भएको सूचना अधिकारी विश्वकर्माले जानकारी दिए । आव सुरू भएसँगै अदालतले चार हजार ८५२ थान मुद्दा दर्ता हुने अनुमान गरेको थियो । हरेक आवको सुरूआतमा अदालतले चालु आवको मुद्दा संख्या अनुमान गर्ने गर्दछ ।

चितवन जिल्ला अदालतको फैसला कार्यान्वयनका लागि पाँच हजार ८६९ जनालाई पक्राउ गर्न बाँकी रहेको छ । जसमध्ये पाँच हजार ७८४ नेपाली र विदेशी ८५ जनासँग कैद जरिवाना असुल गर्नुपर्नेछ ।


फोन : ९८४६४७५३४१ ९८४६८५२९१५

गोरखा फेन्सी

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ ।

बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

हाम्रा सेवाहरू :

ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड

बिल/रसिद | विवाह कार्ड | नाईलन छाप

कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।


# फिल्म/मनोरञ्जन



## अव्यक्त प्रेम र वास्तविक जीवनको कथा "पेन्सन पट्टा"

भरतपुर । नेपाली सिनेमा अहिले भावुक कथाहरुको दौरमा छ । तर, सबै फिल्मले दर्शकलाई केवल रूवाउने वा मनोरञ्जन दिने उद्देश्य मात्र बोकेका हुँदैनन् । केही फिल्म यस्ता पनि हुन्छन्, जसले दर्शकलाई आफ्नो जीवन, सम्बन्ध र मूल्यबोधबारे फेरि एकपटक सोच्न बाध्य बनाउँछन् ।

निर्देशक माओत्से गुरूङको नयाँ फिल्म 'पेन्सन पट्टा' त्यस्तै एउटा फिल्म बन्ने सङ्केत देखिएको छ, जसले लाहुरे समाजको परिवेश, मौलिक गुरूङ संस्कृति र मानवीय संवेदनालाई पर्दामा उतारेको छ ।




भदौ २६ गतेदेखि प्रदर्शनमा आउन लागेको यो फिल्मले धन, सम्पत्ति र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर त्याग, अव्यक्त प्रेम, मानवीय सम्बन्ध र आत्मिक सन्तुष्टिको कथा भन्छ । निर्देशक गुरूङका अनुसार फिल्मको मूल सन्देश यही हो । जीवनमा सबै कुरा प्राप्त गर्नु मात्र सफलता होइन, कहिलेकाहीँ आफूले पाउन सक्ने कुरा पनि अरुका लागि छोडिदिन सक्नु नै सबैभन्दा ठूलो विजय हो ।

फिल्मको कथा लाहुरे परिवारको परिवेशमा आधारित छ । ब्रिटिस आर्मी परिवारसँग आफू पनि जोडिएको अनुभव भएकाले निर्देशकले त्यस समाजको जीवन, भावना र सम्बन्धलाई नजिकबाट बुझेका छन् । त्यसैले 'पेन्सन पट्टा' केवल एउटा काल्पनिक कथा नभई समाजको वास्तविक जीवनबाट जन्मिएको संवेदनशील कथाको सिनेमिक रुप हो ।

निर्देशक गुरूङका अनुसार फिल्मको सबैभन्दा बलियो पक्ष अव्यक्त प्रेम हो । यस्तो प्रेम जुन मनभित्र त हुन्छ, तर परिस्थितिका कारण कहिल्यै शब्दमा व्यक्त हुन सक्दैन । अहिले प्रेमको परिभाषा बदलिँदै गइरहेको समयमा यो फिल्मले प्रेमको अर्को आयामलाई दर्शकमाझ प्रस्तुत गर्ने विश्वास उनको छ ।

फिल्मले केवल प्रेमको कथा मात्र सुनाउँदैन, यसले एउटा गम्भीर प्रश्न पनि उठाउँछ- धन, सम्पत्ति र प्रतिष्ठाभन्दा ठूलो कुरा आखिर के हो ? निर्देशकको उत्तर स्पष्ट छ, आत्माको सन्तुष्टि । कसैका लागि केही त्याग गर्न सक्नु, आफ्नो हिस्साको कुरा पनि अरुका लागि छोडिदिन सक्नु र अरुको हितमा सोच्न सक्नु नै मानिसको सबैभन्दा ठूलो उपलब्धि हो । यही भावनालाई फिल्मले केन्द्रमा राखेको छ ।

'पेन्सन पट्टा' बनाउने सोच निर्देशक गुरूङको आजको होइन, उनी यस विषयमा १२-१५ वर्षदेखि काम गर्ने सपना बोकेर बसेका थिए । लामो समयको अध्ययन, अनुभव र परिपक्वतापछि त्यो सपना अहिले पर्दामा आएको छ ।

यसअघि 'दयारानी' निर्देशन गरेर प्रशंसा पाएका गुरूङ यसपटक पनि भीडको पछि लाग्नेभन्दा आफ्नै शैलीमा कथा भन्न रूचाउँछन् । उनी अहिलेको बजारमा सफल भइरहेका ट्रेन्डको सम्मान गर्छन्, तर आफू भने कन्टेन्टमा केन्द्रित भएर फरक कथा सुनाउन चाहेको बताउँछन् ।

फिल्मको सार्वजनिक भइसकेको मौलिक गीतले पनि दर्शकको ध्यान तानेको छ । गुरूङ समुदायमा प्रचलित थिएटर शैलीको नृत्यलाई आधुनिक सिनेमाको स्वरुपमा प्रस्तुत गरिएको गीतले गण्डकी प्रदेश मात्र होइन, देशका अन्य भागका दर्शकबाट पनि सकारात्मक प्रतिक्रिया पाइरहेको निर्माण टिमको दाबी छ । मौलिक संगीत, सांस्कृतिक प्रस्तुति र जीवन्त दृश्यहरुले फिल्मप्रतिको उत्सुकता थप बढाएको छ ।

कलाकारहरुको टोली पनि बलियो छ । फिल्ममा दयाहाङ राई, गौमाया गुरूङ, बुद्धि तामाङ, विल्सनविक्रम राई, पुष्कर गुरूङ, पाशुपति राई, स्वर्गीय सुनिल थापा, सोल गुरूङ, मनोज गुरूङ, अनुशा राई, माया गुरूङ, विश्वास गुरूङ र लुनिभा तुलाधरलगायत कलाकारको अभिनय रहेको छ ।

माओत्से गुरूङ फिल्म्सको ब्यानरमा बनेको यस चलचित्रको कथा तथा निर्देशन स्वयं माओत्से गुरूङले गरेका हुन् । छायाङ्कन सुशन प्रजापति, सम्पादन नेमिश श्रेष्ठ र केर डी. कोइच लिनुच, कलर ग्रेडिङ राजेन्द्र मोक्तान, साउन्ड डिजाइन उत्तम न्यौपाने, सिन्क साउन्ड नवीन श्रेष्ठ, ब्याकग्राउन्ड स्कोर रोहित शाक्य, भिएफएक्स मनोज श्रेष्ठ र कला निर्देशन राजु याक्चाले गरेका छन् । निर्माता मीन कोन्मे गुरूङ (युके), भोजबहादुर गुरूङ (युके), माया गुरूङ (हङ्कङ) र सपना गुरूङ हुन् ।

अहिले नेपाली सिनेमामा दर्शकको मन छुने कथाको खोजी भइरहेको बेला 'पेन्सन पट्टा'ले केवल भावुकता मात्र होइन, मानवीय मूल्य, त्याग, संस्कार र सम्बन्धको गहिरो अर्थ दर्शकमाझ पुऱ्याउने प्रयास गरेको देखिन्छ ।

सायद यही कारणले निर्देशक गुरूङ दर्शक हलबाट फर्कंदा एउटा प्रश्न बोकेर जाऊन् भन्ने चाहन्छन्, ' जीवनमा सबैभन्दा ठूलो सम्पत्ति वास्तवमा के हो ?' यदि त्यो प्रश्न दर्शकको मनमा बस्न सफल भयो भने 'पेन्सन पट्टा' एउटा सफल फिल्म मात्र होइन, लामो समयसम्म सम्झिने अनुभव बन्न सक्छ ।

## "माया भनेकै यस्तो होला"को गीतमा बहुप्रेम

काठमाडौं । अभिनेत्री रेखा थापाको निर्देशनमा बनेको फिल्म 'माया भनेकै यस्तो होला'को शीर्ष गीत सार्वजनिक गरिएको छ । शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच निर्माण पक्षले रोमान्टिक भावको गीत दर्शकमाझ ल्याएको हो ।

गीतमा प्रशान्त सिवाकोटीको शब्द तथा संगीत रहेको छ । गायनमा प्रशान्तलाई विज्ञानी पराजुलीले साथ दिएकी छन् ।



गीतको भिडियोमा फिल्मका चार मुख्य कलाकार दिल श्रेष्ठ, सृष्टि श्रेष्ठ, नीति शाह र नम्रता श्रेष्ठ प्रस्तुत भएका छन् । भिडियोमा दिलको बहुप्रेम देखाइएको छ । सृष्टिसँग उनको विवाह भइरहेको देखिन्छ भने नीति र नम्रतासँग उनी रोमान्टिक देखिएका छन् । यसले फिल्मको कथा चार पात्रबीचको जटिल सम्बन्धमा आधारित रहेको संकेत दिन्छ ।

तीजको छेको पारेर भदौ २६ गतेबाट प्रदर्शन हुन लागेको फिल्ममा मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठ, सृष्टि श्रेष्ठ, नीति शाह, नम्रता श्रेष्ठ, लक्ष्मी गिरी, राजाराम पौडेल, विशाल पहाडी, संगम भण्डारी, सुजाता श्रेष्ठ, विनोद पौडेललगायतका कलाकारहरूको अभिनय रहेको छ । दिलले यही फिल्मबाट ९ वर्षपछि अभिनयमा पुनरागमन गरेका हुन् ।

पत्रकार ध्रुव लम्सालको लेखन रहेको फिल्ममा हरि नारायण श्रेष्ठ, माया देवी श्रेष्ठ, नवराज श्रेष्ठ, जस्मिन श्रेष्ठ र प्रकाश श्रेष्ठ निर्माताको रूपमा छन् । फिल्ममा सुदीप बरालको छायांकन, बनिष शाहको सम्पादन, प्रशान्त सिवाकोटीको संगीत तथा गम्भीर विष्टको कोरियोग्राफी रहेको छ । फिल्मले प्रेमकथाका माध्यमबाट सामाजिक भावनालाई उठान गर्ने जनाइएको छ ।

# बाघको संख्या बढेसँगै संरक्षणमा थपियो चुनौती

भरतपुर। नेपालमा बाघको संख्या वृद्धि भई ४२९ पुगेको छ। कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीद्वारा सार्वजनिक गरिएको २०८२ को बाघ गणनाअनुसार मुलुकभर बाघको संख्या बढेर ४२९ पुगेको हो। सन् २०२२ मा बाघको संख्या मुलुकभर ३५५ थियो। देशभर ७४ बाघ बढेका छन्। चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती तथा सामुदायिक वन आसपासका क्षेत्रमा १७ वटा बाघ थप भएका छन्।

नेपालमा सन् २००९ देखि हरेक चार-चार वर्षमा बाघ गणना हुँदै आएको छ। पछिल्लो गणनाअनुसार चितवन निकुञ्ज र यसआसपासको क्षेत्रमा १४५ वटा बाघ फेला परेको थियो। चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरले सन् २०२२ को गणनामा १२८ वटा बाघ फेला परेको बताए।

बाघको संख्या बढेसँगै सरोकारवालाले बाघ संरक्षणमा प्रभावकारी व्यवस्थापन, चोरी-सिकारी नियन्त्रण र स्थानीय समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको बताएका छन्।

अन्तर्राष्ट्रिय बाघ दिवसका अवसरमा चितवन राष्ट्रिय निकुञ्जको कार्यालय कसरामा आयोजित छलफल कार्यक्रममा सहभागी वक्ताले बाघ संरक्षण चुनौतीपूर्ण भए पनि सफलता प्राप्त भएको बताए।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनले बाघ संरक्षणका लागि सुरक्षा र स्थानीय समुदायको सहभागिता उत्तिकै महत्वपूर्ण रहेको बताए। उनले बाघको संख्या वृद्धि र यसको दीर्घकालीन व्यवस्थापन कुनै एक निकाय वा प्रविधिको प्रयासले मात्र सम्भव नहुने धारणा राखे।



उनले निकुञ्ज व्यवस्थापनमा मध्यवर्ती क्षेत्रका बासिन्दा, स्थानीय व्यवसायी, सुरक्षाकर्मी, विद्यार्थी पत्रकार तथा संरक्षण अभियानमा सक्रिय विभिन्न समूहको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे।

बाघको संख्या बढेसँगै विभिन्न क्षेत्रका सरोकारवालाको दृष्टिकोण पनि फरक-फरक हुने उल्लेख गर्दै उनले भने, 'पर्यटन व्यवसायी बाघ बढेकोमा खुसी हुन्छन् भने मध्यवर्ती क्षेत्रका स्थानीय बासिन्दालाई घाँस-दाउरा गर्न जाँदा सुरक्षाको चिन्ता हुन्छ। वैज्ञानिकहरू भने बाघको जनसंख्याको गतिशीलताबारे अध्ययनमा केन्द्रित हुन्छन्। व्यवस्थापकका रूपमा यी सबै पक्षलाई समेटेर अघि बढ्नु हाम्रो दायित्व हो।'

उनका अनुसार हालै सम्पन्न क्यामेरा ट्र्यापिङबाट ६४ पोथी, ५३ भाले र १३ वटा लिङ्ग नखुलेका गरी १२७ वटा बाघको प्रत्यक्ष तस्बिर प्राप्त भएको छ। वैज्ञानिक तथ्याङ्कीय मोडेलका आधारमा चितवन राष्ट्रिय निकुञ्जमा बाघको अनुमानित सङ्ख्या १४५ कायम गरिएको छ। प्रत्यक्ष तस्बिरमा देखिएका बाघमध्ये ४९ प्रतिशत पोथी, ४१ प्रतिशत भाले र १० प्रतिशतको लिङ्ग पहिचान हुन नसकेको उनले जानकारी दिए।

कार्यक्रममा बाघविज्ञ डा बाबुराम लामिछानेले बाघको संख्या एक सयभन्दा माथि रहनु यस क्षेत्रको पारिस्थितिक प्रणाली र बाघको जनसङ्ख्या स्थिर रहेको सङ्केत भएको बताए। उनले भाले बाघले आफ्नो बसोबास क्षेत्र विस्तार गर्ने र नयाँ बासस्थानको खोजीमा एक स्थानबाट अर्को स्थानमा सर्ने स्वभावका कारण बाघ गणनामा वैज्ञानिक विधि अपनाइने जानकारी दिए।

उनले संरक्षणसँगै चोरी-सिकारी नियन्त्रण, बासस्थानको प्रभावकारी व्यवस्थापन तथा संरक्षणमुखी नीतिका कारण नेपालमा बाघको संख्या लोपोन्मुख अवस्थाबाट उल्लेखनीय रूपमा वृद्धि भएको स्पष्ट पारे।

उनका अनुसार बाघको शरीरमा रहेका विशिष्ट धर्काको विश्लेषण गर्दै 'क्याप्चर-रिक्याप्चर' विधिबाट गणना गरिन्छ। ठूलो भौगोलिक क्षेत्रमा सीमित संख्यामा क्यामेरा जडान गरिने भएकाले क्यामेरामा नपरेका बाघलाई पनि वैज्ञानिक तथ्याङ्कीय मोडेलमार्फत अनुमान गर्ने व्यवस्था रहेको छ।

चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष शिवजी गायकले वन्यजन्तु-मानव द्वन्द्व न्यूनीकरणका लागि तीनै तहका सरकारले समन्वयात्मक नीति र कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए। उनले वन्यजन्तु संरक्षण राष्ट्रिय गौरवको विषय भए पनि त्यसबाट स्थानीय समुदायले भोग्नुपरेका जोखिम र क्षतिलाई कम गर्नु उत्तिकै आवश्यक रहेको बताए।

उनले भने, 'कोर क्षेत्रको प्रभावकारी व्यवस्थापन, मध्यवर्ती क्षेत्रका बासिन्दाको जीवनस्तर सुधार तथा संरक्षणका कार्यक्रमलाई सँगसँगै अघि बढाउनुपर्छ। निकुञ्ज, स्थानीय उपभोक्ता समिति र साझेदार संस्थाबीचको सहकार्य अझ प्रभावकारी बनाउन आवश्यक छ।' उनले अन्तरराष्ट्रिय बाघ दिवसका अवसरमा मध्यवर्ती क्षेत्रमा समुदाय लक्षित संरक्षण कार्यक्रम सुरु गरिएको जानकारी दिँदै स्थानीय, प्रदेश र संघीय सरकारको संयुक्त प्रयासबाट वन्यजन्तुको आक्रमणबाट हुने क्षति र मानवीय हताहती न्यूनीकरण गर्न सकिने विश्वास व्यक्त गरे।

कार्यक्रममा संरक्षणकर्मी, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, वन कार्यालयका कर्मचारी, विद्यार्थी स्थानीयवासी तथा सरोकारवालाको सहभागिता थियो। सहभागीले बाघ संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा संरक्षणका चुनौती र सम्भावित समाधानका विषयमा छलफलसमेत गरेका थिए।

## स्कुल पढ्दै ...

गयो।' यसले परिवारको पीडा झनै गहिरो बनेको छ। निर्मलका चार दाजुभाइ र एक बहिनी छन्, बहिनी अस्ट्रेलियामा बस्छिन्। उनका बुबा पनि ब्रिटिस आर्मीमा थिए।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२, दानामा जन्मिएका निर्मलले चितवनको आँपटारीस्थित स्मल हेभन स्कुलमा कक्षा ३ देखि १० सम्म अध्ययन गरेका थिए। कक्षा १० को टेस्ट परीक्षा दिएपछि उनले एसएलसी नदिई ब्रिटिस आर्मीमा भर्ती भएका थिए। पछि जागिर छाडेर पर्वतारोहणमा लागेका उनले १४ वटा भीमकाय हिमाल आरोहण गरेर विश्व कीर्तिमान कायम गरेका थिए।

स्मल हेभन स्कुलका प्रशासक धर्मराज घिमिरेका अनुसार निर्मल खेलकुद र अतिरिक्त क्रियाकलापमा अब्बल थिए। अग्रजलाई सम्मान गर्ने स्वभावका कारण सबैको मन जितेका उनी विश्व रेकर्ड बनाएपछि विद्यालयले रथयात्रा निकालेर सम्मान गरेको थियो। गणित शिक्षक केशव घिमिरेले पनि उनलाई साहसी र खेलकुदप्रेमी विद्यार्थीका रूपमा सम्झिन्छन्।

निर्मलले आमालाई हेलिकप्टरमा राखेर हिमालको बेसक्याम्पसम्म पुऱ्याएको घटना अझै स्मरणीय छ। उनका सहपाठी, शिक्षक र आफन्तहरूका लागि यो क्षति असह्य बनेको छ। घिमिरेले भन्छन्, 'निर्मल असाधारण व्यक्ति थिए, कुनै उपाय अपनाएर बाँच्छन् भन्ने लागेको थियो, तर हामीलाई छाडेर गए।'

उनको जीवन यात्रा साहसिक मात्र नभई प्रेरणादायी पनि थियो। बाल्यकालदेखि नै अनुशासन, खेलकुद र साहसमा अब्बल निर्मलले नेपाली युवालाई विश्वसामु चिनाएका थिए। आज उनी नभए पनि उनका उपलब्धि र साहसिक कथा नेपाली समाजमा सदैव जीवित रहनेछन्।

### निम्सदाइको निधनमा शोक बिदा

विश्व कीर्तिमानी नेपाली पर्वतारोही तथा 'निम्स दाइ'का रूपमा परिचित निर्मल पुर्जाको निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले सोमबार शोक बिदा दिएको छ। अन्नपूर्ण गाउँपालिका-३, दानामा जन्मिएका पुर्जा पाकिस्तानको ब्रोड पिक हिमाल आरोहणका क्रममा हिमपहिरोमा परी निधन भएको हो।

गाउँपालिका अध्यक्ष भरतकुमार पुनले जारी गरेको सूचनामा पुर्जाको असामयिक निधनले गाउँपालिका परिवार मात्र नभई समग्र म्याग्दीवासीलाई गहिरो शोकमा डुबाएको उल्लेख गरिएको छ। सोही शोकका कारण अत्यावश्यक सेवाबाहेक गाउँपालिकाअन्तर्गतका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरूमा सोमबार सार्वजनिक बिदा दिइएको जनाइएको छ।

गाउँपालिकाले पुर्जाले नेपाली पर्वतारोहणलाई अन्तर ाष्ट्रियस्तरमा नयाँ पहिचान दिलाउन खेलेको भूमिका ऐतिहासिक रहेको उल्लेख गरेको छ। नेपाली पर्वतारोहीहरूको क्षमता, साहस, नेतृत्व र समर्पणलाई विश्वसामु स्थापित गर्न उनले पुऱ्याएको योगदान सधैं स्मरणीय रहने पनि सूचनामा उल्लेख छ। साथै, पुर्जाको निधनले नेपाली मात्र नभई विश्व पर्वतारोहण समुदायले एक प्रेरणादायी व्यक्तित्व गुमाएको भन्दै गाउँपालिकाले गहिरो दुःख व्यक्त गरेको छ।

## नेफिन ...

आदिवासी जनजाति महासंघ जिल्ला समिति चितवनले सबै पालिकामा अधिवेशन गर्दै नयाँ नेतृत्व चयन प्रकृया चलिरहेको जनाएको छ। कालिका नगर समिति चयनपछि खैरहनी नगर समिति चयन गरिएको नेफिन चितवनका अध्यक्ष सागर कुमालले बताए। निष्कृय भएका समितिलाई सक्रिय बनाउने र कार्यकाल सकिएको समितिलाई अधिवेशन गर्न ताकेता गर्दै आएको उनले बताए।

नेफिनले यही साउन २४ गते विश्व आदिवासी दिवस भव्यताका साथ मनाउन गइरहेको हुँदा उक्त कार्यक्रमलाई सफल तुल्याउन पनि नगर समितिको भूमिका अपरिहार्य रहेको उनले बताए।

अधिवेशनको खुला सत्रमा भने नेफिनका केन्द्रदेखि स्थानीय तहसम्मका प्रतिनिधि सहभागी थिए। नेफिनका सङ्घीय परिषद् सचिव महेन्द्र दुराको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेफिन चितवनका पूर्वअध्यक्ष एवम् सल्लाहकार पदमबहादुर गुरूङ, सललाहकार प्रेम भुजेललगायतले पनि शुभकामना मन्तव्य दिएका थिए। कार्यक्रममा आदिवासी जनजाति समुदायसम्बद्ध जातीय संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको समेत उपस्थिति थियो।

## महाबौद्ध ...

कार्यक्रममा विभिन्न बौद्ध गुम्बाका लामा गुरुहरू, संघ-संस्थाका पदाधिकारी, समाजसेवी, स्थानीय बासिन्दा तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ।

कार्यक्रमले हिमालयन बौद्ध मृत्यु संस्कारबारे सही र प्रमाणिक जानकारी प्रवाह गर्नुका साथै सामाजिक सद्भाव, आपसी एकता तथा सांस्कृतिक संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास संघको छ।

कार्यक्रमको सभापतित्व महाबौद्ध संघ-नेपालका अध्यक्ष मेकना तामाङले गरे भने सञ्चालन महासचिव कृष्ण लामाले गरेका थिए।

## गाउँ उक्लिदैं ...

अहिले मध्य वर्खा भएकोले स्थानीयलाई सात्रामा सहज होस् भनेर पुलको दुईतिरै निर्माण कम्पनीले अस्थायी भऱ्याङ निर्माण गरिदिएको छ।

खोला बढ्दा त्यही भऱ्याङको प्रयोग गरेर ओहोरदोहोर गरिरहेका छन्। खोलानाला बढेसँगै ग्रामीण सडक नाजुक भएपछि सवारीसाधन गाउँ उक्लिन छाडिसकेको छ। जसकारण नुनतेल पनि बोकेरै खाइरहेका छन्।


Babilal Tamang
: 9845067414
newsprabah.com
न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक
B. & B. MEDIA NETWORK Pvt. Ltd.
Narayangarh, Chitwan, Off.: 9827201714
Services :
- Advertisement
- Bill / Rasid print
- Visiting card
- Color Print
- Wedding Card
- Magzine Design
- Computer Type
- Pri-ink Nylon Stamp
- Number Plate
All Kinds of Printings and Advertisement Purpose.
: blglan530265@gmail.com, newsprabah@gmail.com


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| **आकस्मिक एम्बुलेन्स सेवा** | |
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |
| **अस्पताल काठमाडौं** | |
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |
| **अस्पताल चितवन** | |
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |
| **प्रहरी प्रशासन** | |
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |
| **पत्रपत्रिका/सञ्चार** | |
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

## साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो सातामा शुभकार्यको चर्चा चल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ। नसोचेको ठाउँबाट धनागम हुनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ।

**वृष** — यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। प्रेममा मधुरता छाउला। आँटेको र ताकेको कार्य पुरा होला। साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ।

**मिथुन** — यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ। रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। साताको अन्त्यमा व्यस्तता बढ्नुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला।

**कर्कट** — यो साता शुभ कार्यको योजना बन्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सेयरको कारोबारमा फाइदा पनि बढ्न सक्छ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला।

**सिंह** — यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला।

**कन्या** — यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ। साताको मध्यमा सरकारी निकायको भय रहला।

**तुला** — यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ। रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। विज्ञान र प्राविधिक कार्य अघि बढ्नेछ। मान प्रतिष्ठामा वृद्धि होला। प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढ्नेछन्।

**वृश्चिक** — यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ। रमणीय र सुखद यात्राको योग छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको अवसर मिल्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु** — यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला। मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला। मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ।

**मकर** — यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ। सामाजिक कार्यमा रुचि बढ्नेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। मनोरञ्जनमा सहभागिता भइएला।

**कुम्भ** — यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ।

**मिन** — यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। पुंजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ। साताको मध्यमा मानसिक चिन्ता बढ्नेछ।

# एक वर्षमा ८९ जना अझै बेपत्ता

भरतपुर। चितवन जिल्लाबाट बेपत्ता भएका व्यक्तिमध्ये ८९ अझै सम्पर्कमा आउन सकेका छैनन्। गत आर्थिक वर्षमा मानिस बेपत्ताको निवेदन परेअनुसार ७६४ व्यक्ति बेपत्ताका थिए। बेपत्ताको खोजतलास जारी रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले जानकारी दिए।

उनका अनुसार बेपत्ताकामध्ये ६७५ जनालाई जिल्लाका विभिन्न स्थानबाट उद्धार गरी परिवारको जिम्मा लगाइएको छ। कतिपय व्यक्ति नारायणी नदीमा हामफालेर बेपत्ता हुने र त्यहाँ हामफालेको विषय थाहा नहुँदा हराएको सूचीमा पर्ने गरेको उनले बताए।

यसैगरी, घर फर्किएकाहरु कतिपयले प्रहरीमा जानकारी नगराउँदा पनि बेपत्ताकाको सङ्ख्या बढी भएको हो। सुरुमा प्रहरीमा टिपाएको नम्बर पछि परिवर्तन हुने र सम्पर्क नहुने हुँदा प्रहरीले बेपत्ताको सूचीमा राख्ने गरेको छ।

विगत तीन आर्थिक वर्षमा बेपत्ता मानिसको सङ्ख्या बढ्दो क्रममा रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा ४८७ जना बेपत्ता भएकामा ४७५ जना फेला परेका थिए भने १२ जनाको खोजतलास जारी छ। यस्तै, आर्थिक वर्ष २०८१/८२ मा ५५३ जना बेपत्ताका थिए।

यसमध्ये ५४० जना भेटिएका थिए भने १३ जनाको खोजतलास भइरहेको उनले बताए।

उनका अनुसार गत आर्थिक वर्षमा घरेलु हिंसासम्बन्धी ३८१ निवेदन परेका छन्। जसमध्ये ३०५ को मिलापत्र भएका छन् भने ७१ मुद्दा अदालतमा दर्ता भएको प्रहरी प्रमुख पौडेलले जानकारी दिए। परेका निवेदनमध्ये पाँच अझै छलफलका क्रममा छन्।

आर्थिक वर्ष २०८१/८२ मा ५४२ निवेदन परेका थिए। यसमध्ये ४६९ निवेदन मिलापत्र भएको थियो। ७३ निवेदन मिलापत्र हुन नसकेर अदालतमा गएको दर्ता भएका थिए।

आर्थिक वर्ष २०८०/८१ मा ४९० वटा घरेलु हिंसाका मुद्दा दर्ता भएका थिए। यसमध्ये ४११ मिलापत्र भएको थियो भने ७९ मुद्दा अदालतमा दर्ता भएका थिए।

सोही समयमा दुई हजार ३०५ ठाडा उजुरी परेका छन्। यसमध्ये जिल्ला प्रहरी कार्यालयमा परेका एक हजार ८७८ वटा र जिल्ला प्रशसान कार्यालयबाट प्राप्त ४२७ ठाडो उजुरी प्राप्त भएको थियो। यसमध्ये दुई हजार १०८ वटा मिलापत्र गरिएको छ।

फछ्र्योट गर्न बाँकी रहेको १९७ उजुरी रहेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

# भरुवा बन्दुकसहित फरार कैदी पक्राउ

भरतपुर। चितवनबाट एक फरार कैदी भरुवा बन्दुकसहित पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय चितवनले राप्ती नगरपालिका-११ थाकलटार बस्ने ४५ वर्षीय आइतसिंह लामालाई पक्राउ गरेको हो। प्रहरीका अनुसार उनलाई आइतबार घरबाटै नियन्त्रणमा लिइएको हो।

लामा जेनजी आन्दोलनको क्रममा भरतपुर कारागारबाट २०८२ भदौ २५ गते भागेका थिए। पक्राउ गरेका लामा एकसिङ्गे गैंडा मारी वन्यजन्तुसम्बन्धी कसुर गरेको मुद्दामा १५ वर्ष कैद र १० लाख रुपैयाँ जरिवाना तोकिएका सजाय भुक्तान गरिरहेका कैदी हुन्।

पक्राउ परेका लामामाथि आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय चितवनका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चन्द्रभूषण यादवले जानकारी दिए।

**तीन सवारी ठोक्किँदा तीन जना घाइते**

यस्तै, चितवनको भरतपुर महानगरपालिका-२९ स्थित मुग्लिन-नारायणगढ सडकखण्डको सुविधानगर क्षेत्रमा आइतबार बिहान तीन सवारीसाधन एकापसमा ठोक्किँदा तीन जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार बिहान करिब ६:३० बजे नारायणगढबाट मुग्लिनतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-०२८ च ३४७९ नम्बरको योद्धा गाडीले सोही दिशातर्फ अघि बढिरहेको ना ४ च ५७६३ नम्बरको बलेरो र भे १ क २३६२ नम्बरको मिनी ट्रकलाई पछाडिबाट ठक्कर दिएको थियो।




दुर्घटनामा बलेरोचालक गैंडाकोट-२, नवलपुर बस्ने ४० वर्षीय देवेन्द्र सापकोटा, भरतपुर-३ का ४५ वर्षीय सुरेश राज महत्तो र भारत घर भई हाल गैंडाकोट-५, नवलपुर बस्ने ३२ वर्षीय मन्तोष कुमार रहेका छन्।

घाइतेहरूको भरतपुरस्थित नयाँ मेडिकल कलेज (सिएमसी)मा उपचार भइरहेको र दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

प्रो. लुलाराज तामाङ
मो. ९८५५०५०४५९
९८०२९२३७१०
चितवन फिस हाउस
CHITWAN FISH HOUSE
भरतपुर-१०, रिजालचोक (पुरानो हाटबजार) चितवन



हाम्रा सेवाहरु :
स्थानीय उत्पादन जिउँदो तथा ताजा माछा, काँडा निकालिएको माछा, (Fish Fillet) तयारी भ्याकुम प्याकिङ माछा, माछाको सुकुटी (Dry Fish), स्थानीय जातको माछा साथै विवाह, पार्टीका लागि तयारी माछा उपलब्ध गरिनुका साथै होम डेलिभरिको व्यवस्था छ।

## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।


**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरु**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा

धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन गरौं।
● इच्छाकामना मन्दिर। ● लामो झरना। ● उपरदाङगढी। ● बालगौरी पाथिभरा। ● सिराईचुली ● गौरीखोला झरना। ● गुप्तेश्वर महादेव मन्दिर। ● पाथिभरा मंगलागौरी मन्दिर। ● चेपाङ गाउँ लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरुको अवलोकनका लागि सम्पूर्ण जनसमुदायमा इच्छाकामना गाउँपालिका हार्दिक अनुरोध गर्दछ। आन्तरिक पर्यटनको प्रबर्द्धन गरौं।



दानबहादुर गुरुङ
अध्यक्ष एवम्
इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना, चितवन

"तपाईको सेवामा, आजै कल गर्नुहोस्"



❖ चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
❖ गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
❖ चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।
सम्पर्क : ९८२७२०१७१४